**नेपाल कानुन आयोगको मसौदा**

# नागरिक अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना**: नागरिक अधिकार सम्बन्धी प्रचलित कानुनलाई समयानुकूल बनाई नागरिकको अधिकार सुनिश्चित गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८१ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नागरिक अधिकार ऐन, २०६६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "नागरिक" भन्नाले प्रचलित कानुन बमोजिम नेपालको नागरिक ठहर्ने व्यक्ति सम्झनु पर्छ।

(ख) "व्यक्ति" भन्नाले नागरिक र अन्य व्यक्ति सम्झनु पर्छ।

(ग) "संविधान" भन्नाले तत्काल प्रचलित संविधान सम्झनु पर्छ।

३. **नागरिक अधिकारको प्रयोग र पालना**: यस ऐन बमोजिमका अधिकारको प्रयोग र पालना यो ऐन र अन्य प्रचलित कानुनको अधिनमा रही गरिनेछ।

## परिच्छेद - २

## जीवन तथा स्वतन्त्रता सम्बन्धी अधिकार

४. **जीवनको अधिकार**: प्रत्येक व्यक्तिलाई जीवनको अधिकार हुनेछ।

५. **नागरिकता सम्बन्धी अधिकार**: (१) प्रत्येक नागरिकलाई नेपालको नागरिकता प्राप्त गर्ने अधिकार हुनेछ।

(२) प्रत्येक नागरिकलाई नेपालको नागरिकता त्याग्ने अधिकार हुनेछ ।

६. **बन्धक तथा अपहरण विरुद्धको अधिकार**: प्रत्येक व्यक्तिलाई बन्धक तथा अपहरण विरुद्धको अधिकार हुनेछ ।

७. **यातना विरुद्धको अधिकार**: प्रत्येक व्यक्तिलाई यातना विरुद्धको अधिकार हुनेछ ।

८. **आम जातीहत्या (जेनोसाइड) तथा आम यातना विरुद्धको अधिकार**: प्रत्येक व्यक्तिलाई आम जातीहत्या तथा आम यातना विरुद्धको अधिकार हुनेछ ।

**स्पष्टिकरण**: यस दफाको प्रयोजनको लागि आम जातिहत्या वा आम यातना भन्नाले कुनै खास जात, जाति, धर्म, वर्ण, सम्प्रदाय, समूह, खास इलाकामा बसोबास गर्ने वा खास वैचारिक आस्था राखेका कारणले त्यस्तो जात, जाति, धर्म, वर्ण, सम्प्रदाय, समूह, खास इलाकामा बसोबास गर्ने वा खास वैचारिक आस्था राख्ने कसैको विनास गर्ने उद्देश्यले गरिने जुनसुकै कार्यलाई जनाउँछ ।

९. **गोपनियताको अधिकार**: प्रत्येक व्यक्तिलाई वैयक्तिक तथा पारिवारिक गोपनियताको अधिकार हुनेछ:।

१०. **प्रवेश गर्ने तथा बर्हिगमनको अधिकार** प्रत्येक नागरिकलाई नेपालभित्र प्रवेश गर्ने तथा स्वेच्छाले नेपालबाट बाहिर जाने अधिकार हुनेछ ।

११. **स्वच्छ सुनुवाईको अधिकार** प्रत्येक व्यक्तिलाई मुद्दाको रोहमा स्वच्छ सुनुवाईको अधिकार हुनेछ ।

१२. **विना बिलम्ब न्याय पाउने अधिकार**: प्रत्येक व्यक्तिलाई विना बिलम्ब न्याय प्राप्त गर्ने अधिकार हुनेछ ।

१३. **अधिकतम अवधिभन्दा बढी कैद वा हिरासतमा बस्न नपर्ने अधिकार**: कुनैपनि व्यक्तिलाई प्रचलित कानुन बमोजिम हुन सक्ने अधिकतम कैदको अवधिभन्दा बढी कैद वा हिरासतमा बस्न नपर्ने अधिकार हुनेछ ।

१४. **कानुन बमोजिम बाहेक हिरासतमा बस्न नपर्ने अधिकार**: कुनैपनि व्यक्तिलाई कानुन बमोजिम बाहेक हिरासतमा बस्न नपर्ने अधिकार हुनेछ ।

१५. **कैदको सजाय नहुने कसूरमा हिरासतमा बस्न नपर्ने अधिकार** कुनैपनि व्यक्तिलाई प्रचलित कानुन बमोजिम कैदको सजाय नहुने कसूरमा हिरासतमा बस्न नपर्ने अधिकार हुनेछ ।

१६. **प्रकाशन तथा प्रसारण सम्बन्धी अधिकार**: प्रत्येक नागरिकलाई आफूले सिर्जना गरेको बैज्ञानिक आविष्कार, श्रव्यदृश्य सामग्री, लेख, पुस्तक, रचना वा पत्रपत्रिका र अन्य कुनै पाठ्यसामग्री कुनै पनि माध्यमबाट प्रकाशन, प्रसारण, विक्रि तथा वितरण गर्न पाउने अधिकार हुनेछ ।

१७. **मतदान गर्ने तथा उम्मेद्वार बन्ने अधिकार:** प्रत्येक नागरिकलाई निर्वाचनद्वारा पूर्ति हुने सार्वजनिक पदको निर्वाचनमा मतदान गर्ने तथा उम्मेदवार हुन पाउने अधिकार हुनेछ ।

## परिच्छेद - ३

## आर्थिक, सामाजिक, एवं सांस्कृतिक अधिकार

१८. **व्यक्तित्व विकासको अधिकार**: प्रत्येक नागरिकलाई आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको प्रयोग गरी आफ्नो व्यक्तित्व विकास गर्ने अधिकार हुनेछ ।

१९. **सम्पत्तिको अधिकार**: (१) प्रत्येक नागरिकलाई आफ्नो सम्पत्ति भोग तथा संरक्षण गर्न पाउने अधिकार हुनेछ ।

(२) कुनै पनि व्यक्ति स्वेच्छाले बाहेक कसैलाई सम्पत्ति दिन बाध्य हुने छैन ।

२०. **सार्वजनिक सम्पत्ति माथिको अधिकार**: प्रत्येक नागरिकलाई सार्वजनिक सम्पत्ति सार्वजनिक रूपमा प्रयोग गर्ने र त्यस्तो सम्पत्ति दुरुपयोग हुन नदिने गरी संरक्षण तथा सम्बर्द्धन गर्ने अधिकार हुनेछ ।

२१. **रोजगारी तथा व्यवसाय सम्बन्धी अधिकार**: प्रत्येक नागरिकलाई रोजगारी तथा व्यवसाय सम्बन्धी देहाय बमोजिमको अधिकार हुनेछः -

(क) आफ्नो योग्यता र क्षमता अनुसारको रोजगार वा व्यवसाय सञ्चालन गर्न पाउने,

(ख) प्रतिस्पर्धाको आधारमा रोजगारी प्राप्त गर्ने,

(ग) आफ्नो योग्यता र क्षमताको आधारमा स्वरोजगार गर्ने ।

२२. **सरकारी वा सार्वजनिक पदको नियुक्तिमा भेदभाव विरुद्धको अधिकार** प्रत्येक नागरिकलाई सरकारी वा सार्वजनिक पदको नियुक्तिमा धर्म, वर्ण, लिङ्ग, जात, जाती, वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव विरुद्धको अधिकार हुनेछ ।

२३. **सार्वजनिक सेवा उपभोग गर्न पाउने अधिकार**: प्रत्येक व्यक्तिलाई निर्वाध रुपमा सार्वजनिक सेवा उपभोग गर्न पाउने अधिकार हुनेछ ।

२४. **एकाधिकार विरुद्धको अधिकार**: प्रत्येक नागरिकलाई सार्वजनिक सेवा, उद्योग, व्यापार, व्यवसायमा एकाधिकार विरुद्धको अधिकार हुनेछ ।

२५. **परिचयको अधिकार**: नेपालमा बसोबास गर्ने प्रत्येक समुदाय वा सम्प्रदायका नागरिकलाई आफ्नो जात, जाती, लिङ्ग, वर्ण, धर्मको रीति, भाषा, परम्परा, संस्कृति, मूल्य र मान्यताको अवलम्बन गर्न र त्यसको पहिचान दिन, अध्ययन, अनुसन्धान, संरक्षण, सम्बर्द्धन, विकास तथा प्रचारप्रसार गर्न पाउने अधिकार हुनेछ ।

२६. **विवाह सम्बन्धी अधिकार**: (१) विवाहको उमेर पुगेका प्रत्येक व्यक्तिलाईलाई आपसी मञ्जुरीको आधारमा विवाह गर्ने तथा जीवनसाथी रोज्ने अधिकार हुनेछ ।

(२) प्रत्येक दम्पत्तिलाई आफ्नो शिशुको सँख्या र जन्मान्तरको अवधि निर्धारण गर्ने अधिकार हुनेछ ।

२७. **सामाजिक शोषण विरुद्धको अधिकार**: प्रत्येक व्यक्तिलाई सामाजिक शोषण विरुद्ध देहाय बमोजिमको अधिकार हुनेछः-

(क) कुरीति र कुसंस्कारबाट हुने शोषण विरुद्धको अधिकार,

(ख) छुवाछुत तथा जातिय भेदभावबाट हुने शोषण विरुद्धको अधिकार ।

२८. **वातावरण सम्बन्धी अधिकार**: प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा रही जीवनयापन गर्न पाउने अधिकार हुनेछ ।

नेपाल कानून आयोग

**परिच्छेद - ४**

**निवेदन सम्बन्धी कार्यविधि**

२९. **निवेदन दिन सक्ने**: यस ऐनद्वारा प्रदत्त अधिकार कसैले हनन गर्ने वा आघात पार्ने शंका लागेमा सो को कारण परेको मितिले ६ महिनाभित्र सम्बन्धित व्यक्तिले पुनरावेदन अदालतमा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिदा आफूलाई पर्न गएको वास्तविक हानी नोक्सानीको आधार र कारण सहितको रकम खुलाई क्षतिपूर्तिको दावी गर्नुपर्नेछ।

३०. **आदेश जारी गर्न सक्ने**: (१) दफा २९ बमोजिमको निवेदनबाट कुनै निकाय, संस्था वा व्यक्तिको काम कारवाही नरोकेमा यस ऐनद्वारा प्रदत्त अधिकारमा हनन हुनसक्ने देखिएमा अदालतले तत्काल त्यस्तो काम कारवाही रोक्न अन्तरिम आदेश जारी गर्न वा तलासी आदेश (सर्च वारेन्ट) जारी गर्न सक्नेछ।

(१) दफा २९ बमोजिमको निवेदनको आधारमा अदालतले सम्बद्ध व्यक्ति, निकाय वा संस्था विरुद्ध आवश्यकता अनुसार बन्दीप्रत्यक्षीकरण, परमादेश वा निषेधाज्ञा तथा क्षतिपूर्ति भराउनु पर्ने भए सो समेत भराउने गरी निर्णय गर्न सक्नेछ।

३१. **पुनरावेदन** दफा ३० बमोजिम अदालतले दिएको आदेश वा निर्णय विरुद्ध चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश वा निर्णय भएको मितिले पैंतीस दिनभित्र सर्वोच्च अदालतमा आदेश विरुद्ध निवेदन वा निर्णय विरुद्ध पुनरावेदन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन वा पुनरावेदन गर्दा पुनरावेदन अदालतले रोक्न आदेश दिएको कुरा रोकी वा यथावत राखी पुनरावेदन वा निवेदन दिनु पर्नेछ।

३२. **क्षतिपूर्ति**: (१) यस ऐनद्वारा प्रदत्त अधिकारको हनन भएको ठहर भएमा प्रचलित कानुन बमोजिम क्षतिपूर्ति भराउने व्यवस्था रहेछ भने सोही कानुन बमोजिम अदालतले क्षतिपूर्ति भराईदिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्ति भराउने व्यवस्था नभएकोमा अदालतले वास्तविक हानी नोक्सानीको आधारमा वास्तविक क्षतिपूर्ति भराइदिनेछ ।

(३) यस दफा बमोजिम अदालतले क्षतिपूर्ति भराउदा दोहोरो नपर्ने गरी क्षतिपूर्ति भराउनु पर्नेछ ।

## परिच्छेद - ६

## विविध

३३. **खारेजी तथा बचाउः** (१) नागरिक अधिकार ऐन, २०१२ खारेज गरिएको छ ।

(२) नागरिक अधिकार ऐन, २०१२ बमोजिम घटना घटी मुद्दा दर्ता हुन बाँकी रहेको वा दायर भई छिन्न बाँकी रहेका मुद्दालाई यस ऐन बमोजिम दायर भएको मानी कारबाही चलाउन बाधा पुऱ्याएको मानिने छैन ।